**नेपाल राष्ट्र बैंक**

**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**

**यस बैंकलाई काम नलाग्ने पुराना सम्पत्ति तथा फुटकर फर्निचर सामानहरु सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम गर्ने सूचना**

प्रथम पटक प्रकाशित मिति :२०८२/०२/१४

लिलाम सूचना नं: अन्य सम्पत्ति/लिलाम/२०८१/८२ -०१

यस बैंकको देहाय बमोजिमका पुराना काम नलाग्ने सम्पत्ति तथा फुटकर फर्निचर सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गनुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र फारम खरिद गरी १६ (सोह्रौं) दिनको १२:०० बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरुको अधिनमा रही भौतिक रुपमा सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| समुह | सामानको विवरण | न्यूनतम् मूल्य (मू.अ.कर बाहेक) | न्यूनतम् मूल्य (मू.अ.कर सहित) | धरौटी रकम |
|---|---|---|---|---|
| १. | कम्प्यूटर एसेसरिज(कम्प्यूटर, ल्यापटप, प्रिन्टर, युपिएस आदि), फर्निचर एण्ड फिक्स्चर, अफिस इक्युपमेण्ट (एयर कन्डिसनर, फोटोकपी आदि) र विविध फुटकर सामान (दराज, कुर्सी, काठपात, यु.पि.एस.ब्याट्री, फलामका सामान तथा टुक्राटुक्री, खुला न्याक, डण्डी आदि) लगायत **एकमुष्ठ** । | रु.८,६३,०१०।०० | रु. ९,७५,२०१।३० | कबोल रकमको ५ प्रतिशतमा नघटाई |
| | **जम्मा** | रु.८,६३,०१०।०० | रु. ९,७५,२०१।३० | |

(१) सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति :
  (क) स्थान : सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार
  (ख) समय : दिनको १:०० बजे
  (ग) मिति : २०८२।०२।२९

(२) बोलपत्रसाथ बोलपत्र जमानत बापत आफुले कबोल गरेको रकमको पांच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिङ्ग कार्यालय थापाथलीमा रहेको खाता नं. ११०९९०१-०११-२०३-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले ३० दिन मान्य अवधि रहेको यस बैंकको नाममा जारी भएको बैंक जमानत (शर्त रहित) समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी बापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम बापत रु.७००।०० (रु. सात सय मात्र) (पछि फिर्ता नहुने) यस बैंकको बैंकिङ्ग कार्यालय, थापाथलीमा रहेको खाता नं. ११०००००-०३०-०१२-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर बुझाई वा यस बैंकको स्टोर फांटमा रहेको QR मार्फत भुक्तानी गरी यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागबाट लिन सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय विहान १०.०० बजे देखि दिउसो ३.०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग (**सम्पर्क नं. ०१५७१९६४१/२/३** (**Ext. ११७०**) मा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) र स्थाई लेखा नम्वर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) बोलपत्र सम्बन्धी सूचना यस बैंकको वेवसाईट www.nrb.org.np मा हेर्न सकिने छ ।

**नेपाल राष्ट्र बैंक**
सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग
बालुवाटार, काठमाडौं